# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं फाल्गुन १७ गते २०११ साल [ संख्या २९

## भाग १

### नेपाल पब्लिक सर्भिसकमिशनको विज्ञापन नं. २७

१३।११।०११

योजना विकाश तथा कृषिमन्त्रालय-अन्तर्गत श्री त्रिभुवन ग्राम विकाश (ग्रामसेविका विद्यालय) का निमित्त हेड मिस्ट्रेस १ र टीचर १ जम्मा दुइ महिला शिक्षिका चाहिएका छन्। योग्य महिला उमेदवारहरूले प.स.क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०१२ साल वैशाख १५ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमुना प्रत्येक हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ।



२९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दुवै पदको विवरण यस प्रकार छः—

१. पदः— एक हेड मिस्ट्रेस र एक टीचर, स्थायी तथा पेन्शन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः—होम इकनमिक्समा विशेष ज्ञान भएको, कुनै विश्व विद्यालय अथवा प्रशिक्षण केन्द्रबाट प्रमाणपत्र पाएको हुनुपर्छ।

३. विशेष योग्यताः— ग्राम्य जीवनी र त्यस सम्बन्धित गार्हस्थ्य विज्ञानको ज्ञान भएकालाई प्राह्यता दिइनेछ।

४. मासिक वेतन स्केलः— मोरु ७०—१३०

५. अभ्यास अवधिः— ६ महिना

६. कामः— ग्रामीण महिलावर्गलाई गार्हस्थ्य विज्ञान, स्वास्थ्य इत्यादि विषय शिक्षा दिने।

आज्ञाले—

खड्गमान मल्ल,

सेक्रेटरी—पब्लिक सर्भिस कमिशन.

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।